प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

**"बालपनको रक्षाः भविष्यको सुरक्षा"** भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको राष्ट्रिय बाल दिवस, २०८३ को सुखद अवसरमा देशभित्र तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बालबालिकामा सुख, सुस्वास्थ्य, सुरक्षित बालपन, उज्ज्वल भविष्य र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै बालअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा निरन्तर क्रियाशील अभिभावक, शिक्षक, जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

यस वर्षको नाराले बालबालिकाको वर्तमान सुरक्षित र अधिकारसम्पन्न बनाएर मात्र राष्ट्रको समृद्ध भविष्य निर्माण गर्न सकिन्छ भन्ने गहन सत्यलाई जोड दिएको छ। बालपन सर्वाङ्गीण विकासको आधारशीला भएकाले बालबालिकामा गरिने लगानी वास्तवमा राष्ट्रको सुखद भविष्यका लागि नै लगानी हो।

नेपालले संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि (CRC), १९८९ को सन् १९९० मा अनुमोदन गरी भेदभावरहितता, सर्वोत्तम हित, जीवन-बाँच्न र विकास पाउने अधिकार तथा विचारको सम्मानजस्ता आधारभूत सिद्धान्तप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ। यी मूल्य-मान्यतालाई नेपालको संविधानको धारा ३९ (बालबालिकाको हक), राष्ट्रिय बालबालिका नीति, २०८० र बालबालिका सम्बन्धी ऐन, २०७५ ले मौलिक हक तथा कानुनी अधिकारका रूपमा सुदृढ ढङ्गले सुनिश्चित गरेका छन्।

अबको हाम्रो मुख्य प्राथमिकता यी संवैधानिक तथा कानुनी अधिकारहरूलाई प्रत्येक बालबालिकाको दैनिक जीवनमा वास्तविक अनुभूति गराउनु हो। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व बहन अपरिहार्य छ। संघले राष्ट्रिय नीति, कानुनी तथा संस्थागत आधारलाई सुदृढ बनाउने; प्रदेशले समन्वय र सेवाको विस्तार गर्ने; स्थानीय तहले बालबालिकाको सबैभन्दा नजिकको सरकारका रूपमा जोखिम पहिचान, संरक्षण, सेवा प्रवाह र बालमैत्री वातावरण निर्माण गर्ने गरी तीनै तहको प्रयासलाई एउटै परिणामसँग जोड्न आवश्यक छ।

अन्तमा, "बालपनको रक्षाः भविष्यको सुरक्षा" भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रिय बाल दिवस, २०८३ को अवसरमा पुनः सम्पूर्ण बालबालिकामा हार्दिक शुभकामना व्यक्त गर्दछु।

वालेन्द्र शाह

भदौ, २०८३

ने.सं. ११४६, गुंलागा